**कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०७८ साल मंसिर ८ गते बुधबारको बैठकबाट भएका निर्णयहरु**

| क्र.सं. | प्रस्ताव पेश गर्ने मन्त्रालय | निर्णयको व्यहोरा |
|---|---|---|
| १ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | इन्जिनियर (अधिकृतस्तर सातौं तह) पदमा खुल्ला प्रतिस्पर्धाबाट करारमा भर्ना गरी कामकाज गर्न गराउनका लागि ११ वटा अस्थायी दरवन्दी स्वीकृत गर्ने। |

**कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०७८ साल मंसिर १४ गते बुधबारको बैठकबाट भएका निर्णयहरु**

| क्र.सं. | प्रस्ताव पेश गर्ने मन्त्रालय | निर्णयको व्यहोरा |
|---|---|---|
| १ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | नेपालको संविधानको धारा १६८ को उपधारा (४) बमोजिम माननीय मुख्यमन्त्री जीवन बहादुर शाहीले विश्वासको मत लिने प्रयोजनको लागि नेपालको संविधानको धारा १८३ को उपधारा (१) बमोजिम माननीय प्रदेश प्रमुखबाट मिति २०७८।०८।२ गते आह्वान गरिएको कर्णाली प्रदेश सभाको अधिवेशन नेपालको संविधानको धारा १८३ को उपधारा (२) बमोजिम मिति २०७८।०८।१५ गते बुधबार राती १२:०० बजे देखि लागु हुनेगरी अन्त्य गर्न माननीय प्रदेश प्रमुख समक्ष सिफारिस गर्ने। |

## कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०७८ साल मंसिर २२ गते बुधबारको बैठकबाट भएका निर्णयहरु

| क्र.सं. | प्रस्ताव पेश गर्ने मन्त्रालय | निर्णयको व्यहोरा |
|---|---|---|
| १ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रदेश लोकसेवा आयोग, कर्णाली प्रदेश सुर्खेतमा ४५ जनाको दरबन्दी कायम हुनेगरी संगठन संरचना तथा दरबन्दी हेरफेर गरी स्वीकृत गर्ने । |
| २ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | छायाँनाथ रारा नगरपालिका वडा नं.१ को गमगढी, मुगुमा भएको आगलागीका पीडितहरुलाई संलग्न विवरण अनुसारको रकम रु. ६१,८५०००/- (अक्षेरुपी एकसट्ठी लाख पचासीहजार) तोकिएको शर्तहरु बमोजिम वितरण गर्ने गरी जिल्ला प्रशासन कार्यालय, मुगुलाई निकासा दिन स्वीकृति प्रदान गर्ने। |